धनगढीमाई नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धनगढी, सिरहा, प्रदेश नं.२, नेपाल

## पोखरी ठेक्का वन्दोवस्त सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७।१०।०५)

(राजश्व उप-शाखा)

यस नगरपालिका क्षेत्राधिकार भित्र रहेका देहाय बमोजिमको सार्वजनिक ऐलानी पोखरीहरु जो जे अवस्थामा छन सोही अवस्थामा नै आव २०७७/०७८ देखि २०७९/०८० सम्मको लागि माछा उत्पादन गर्ने प्रयोजनको लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति/फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलवन्दी दरभाउ पत्र पेश गर्न सम्बन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तनामा**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ पन्ध्रौ दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखाबाट रु.१०००।- को (पछि फिर्ता नहुने गरी) रसिद काटी दरभाउ पत्र खरिद गर्न सकिनेछ।

२. खरिद गरिएको दरभाउ पत्र आफूले कवोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसँग उल्लेख गरी सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ सोह्रौ दिन दिनको १२ बजेसम्म दरभाउ पत्र पेश गर्नेको नाम र ठेगाना तथा आफूले ठेक्का लिन चाहेको पोखरीको विवरण खाममा नै उल्लेख गरी दर्ता गराई सक्नुपर्नेछ र दर्ता गराउदा शिलवन्दी निवेदन सँग आफूले कवोल गरेको रकमको ५ प्रतिशतले हुने रकम यस धनगढीमाई नगरपालिकाको धरौटी खाता नं.१४२०००००४१९०१ एन.सि.सि.बैंक धनगढी सिरहामा जम्मा गरेको सक्कलै भौचर अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

३. दर्ता भएका दरभाउ पत्रहरु सि.न. २ मा उल्लेखित भएको दिनको २ बजे सम्बन्धित कार्यालय तथा दरभाउ पत्र दाता वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिनेछ तर प्रतिनिधि उपस्थिति नभए पनि खोल्न वाधा पर्ने छैन।

४. दरभाउ पत्र खरिद गर्ने,दर्ता गर्ने वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु विदाको भोलि पलट कार्यालय खुल्ने दिन सोही समयमा हुनेछ ।

५. नगरपालिकालाई बुझाउनेपर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की बाँकी रकम वा नगद जिन्सी बुझाउन बाँकी रहेको व्यक्तिले ठेक्का लिन पाउने छैन कुनै कारण वश त्यस्ता व्यक्तिको ठेक्का स्वीकृत भएपनि पछि उल्लेखित विवरण जानकारी हुन आए ठेक्का वदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ ।

६. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । साथै सूचनामा केही कुरा थपघट गर्नु परेमा थपघट गर्नुपर्ने कुरा कार्यालयको सूचना पार्टीमा टाँस गरी जानकारी गराइनेछ साथै सूचना सम्वन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

७. प्रत्येक पोखरीको छुटाछुटै दरभाउ पत्र दाखिला गर्नु पर्नेछ ।

८. ठेक्का स्वीकृत भए पश्चात रकम बुझाउदा सम्बन्धित व्यक्तिले ३ किस्तामा रकम बुझाउन सकिनेछ । किस्ता रकम बुझाउदा प्रथम किस्ता चलनपूर्जी लिनु अगावै र बाकी दोस्रो र तेस्रो किस्ता क्रमश आव २०७८/७९ र २०७९/८० को प्रथम चौमासिक भित्रै बुझाउनुपर्ने छ । उक्त समय भित्र नबुझाए ठेक्का वदर गरी पोखरीमा रहेको माछा/ धरौटी जफत गरी कार्यालयले पुन अर्को ठेक्का वन्दोवस्त गर्ने छ ।

९. सि.न. ८ वमोजिम प्रथम किस्ता वापतको रकम बुझाएको सोहि दिन वा सोको भोलिपल्ट चलनपूर्जी दिइनेछ ।

१०. रित नपुगेको तथा म्याद नाघी आएको दरभाउ पत्र उपर कुनै कार्यवाही हुने छैन ।

११. पोखरीको संरचना आफूखुसी विगारेमा वा पोखरीमा विषालु औषधी प्रयोग गरेको पाईएमा सोको क्षतीपुर्ती ठेक्का लिने व्यक्तिवाट नगरपालिकाले असुल उपर गरी कानुनी कारवाही गरिनेछ ।

१२. अन्य जानकारीको लागी कार्यालय समय भित्र सम्पर्क राखी बुझन सकिनेछ ।

१३. उपरोक्त लेखिए वाहेक अन्य कुरा प्रचलित कानुन वमोजिम हुनेछ ।

## पोखरीहरुको विवरण

**ठेक्का नं. २१ आ.व. २०७७।०७८**

| क.सं | पोखरीको नाम | ठेगाना | ठेक्का रकम |
|---|---|---|---|
| १ | कूजविर पोखरी | धनगढीमाई न.पा. १ | ३,००,००० |
| २ | बासघारी नजिकको डवरा पोखरी | धनगढीमाई न.पा. २ | ३०,००० |
| ३ | कट्टीटोल बाध | धनगढीमाई न.पा. २ | ४०,००० |
| ४ | गढीया पोखरी | धनगढीमाई न.पा. २ | १५,००० |
| ५ | विक्कन बाँध पोखरी | धनगढीमाई न.पा. ४ | ३०,००० |
| ६ | गााउ ब्लकको पोखरी संतनगर | धनगढीमाई न.पा. ४ | ३०,००० |
| ७ | जयपुर पोखरी | धनगढीमाई न.पा. ४ | ५०,००० |
| ८ | मूसहरी पोखरी | धनगढीमाई न.पा. ६ | १,५०,००० |
| ९ | गन्जेबाँध चियावारी | धनगढीमाई न.पा. ८ | १,००,००० |
| १० | जोगियावाला टोलको पोखरी | धनगढीमाई न.पा. ८ | ३०,००० |
| ११ | चैनपूर पोखरी | धनगढीमाई न.पा. ९ | ५०,००० |
| १२ | मेदनीपूर पोखरी | धनगढीमाई न.पा. १ | १,००,००० |
| १३ | सिमरा पोखरी | धनगढीमाई न.पा. ६ | १,२५,००० |
| १४ | देवी टोकी पोखरी | धनगढीमाई न.पा. ८ | ६५,००० |
| १५ | बमभोला | धनगढीमाई न.पा. १ | ४५,००० |
| १६ | गौडगरा पोखरी कचीबारी | धनगढीमाई न.पा. १ | ४५,००० |
| १७ | धनगढा पोखरी | धनगढीमाई न.पा. २ | ८,२५,००० |

प्रमुख प्रशासकीय अधिकृत